**पोखरा विश्वविद्यालयको**
**छात्रवृत्तिसम्बन्धि सूचना**
(प्रथम पटक प्रकाशित मिति २०७२।०९।०४ गते शनिबार)

पोखरा विश्वविद्यालय अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त कलेज तथा शिक्षण संस्थाहरुमा देहाय बमोजिमका विषयहरुमा देहाय अनुसारको निःशुल्क छात्रवृत्तिको लागि खुला प्रतियोगिताबाट विद्यार्थी छनौट गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका विद्यार्थीहरुबाट दरखास्त आव्हान गरिएको छ । प्राप्त हुने सिट संख्यामध्ये ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदाय छात्रवृत्तिको लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५० प्रतिशत सिट आरक्षण गरिएको छ ।

**१. छात्रवृत्तिको प्रकारः-**

**क**) खुला छात्रवृत्ति **ख**) लेखनाथ छात्रवृत्ति **ग**) दलित छात्रवृत्ति **घ**) जनजाति छात्रवृत्ति **ङ**) दुर्गम छात्रवृत्ति **च**) अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति **छ**) शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज**) मधेसी समुदाय छात्रवृत्ति ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यकमः**

**२.१ व्यवस्थापन संकाय अन्तर्गत**

1. Bachelor of Business Administrations 2. Bachelor of Business Administrations in Banking and Insurance 3. Bachelor of Computer Information System 4. Bachelor of Healthcare Management 5. Bachelor of Hotel Management 6. Bachelor of Business Administrations in Travel and Tourism

**२.२ विज्ञान तथा प्रविधि संकाय अन्तर्गत**

**समूह कः**

1. Bachelor of Computer Engineering 2. Bachelor of Architecture 3. Bachelor of Civil Engineering 4. Bachelor of Civil and Rural Engineering 5. Bachelor of Electronics and Communication Engineering 6. Bachelor of Software Engineering 7. Bachelor of Engineering in Information Technology 8. Bachelor of Electrical and Electronics Engineering 9. B.E. Civil for Diploma Holders

**समूह खः**

1. Bachelor of Computer Application
2. Bachelor of Science in Environmental Management

**२.३ स्वास्थ्य विज्ञान संकाय अन्तर्गत**

1. Bachelor of Pharmaceutical Sciences 2. Bachelor of Science in Medical Laboratory Technology 3. Bachelor of Public Health 4. Bachelor of Science in Medical Microbiology 5. Bachelor of Science in Medical Biochemistry 6. Bachelor of Science in Biochemistry 7. B.Sc. Nursing

**२.४ मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गत**

Bachelor of Development Studies

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्ने छ ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) सार्वजनिक (सरकारी) विद्यालयमा अध्ययन गरी एस. एल. सी. पास गरेको हुनुपर्ने छ ।

(ग) दश जोड २ वा प्रमाणपत्र तह वा सो सरहको, मान्यता प्राप्त शैक्षिक संस्थाबाट उत्तिर्ण भएको मितिले २ बर्ष अवधि ननाघेको व्यक्तिले मात्र दरखास्त पेश गर्न सक्नेछन ।

(घ) व्यवस्थापन संकाय अन्तर्गतका कार्यक्रमहरुका लागि कुनै पनि विषयमा दश जोड २ वा प्रमाणपत्र तह वा सो सरह र विज्ञान तथा प्रविधि संकाय तर्फका कार्यक्रमहरुका लागि विज्ञान विषय लिई दश जोड २ वा प्रमाणपत्र तह वा सो सरहमा कुल पूर्णाङ्कमा कम्तिमा पनि ५० प्रतिशत अङ्क प्राप्त गरि उत्तिर्ण गरेको हुनुपर्ने छ । तर वि.सि.ए.को हकमा विज्ञान विषय लिई दश जोड २ वा आई.एस्सी वा दश जोड २ मा एक विषय साधारण गणित वा कम्प्युटर साईन्स वा विजनेश म्याथ लिई कुल पूर्णाङ्कमा कम्तिमा पनि ५० प्रतिशत अङ्क प्राप्त गरि उत्तिर्ण गरेको हुनुपर्ने छ । तर दलित, जनजाति, दुर्गम, अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित, मधेशी समुदाय, महिला उम्मेदवारहरुको र नगरपालिका क्षेत्र भन्दा बाहिर स्थित उच्च माध्यामिक विद्यालय तथा कलेजहरुबाट उतिर्ण गरेकाहरुको हकमा भने व्यवस्थापन तथा ईन्जिनियरीङ्ग मा ४५ प्रतिशत र मानविकि तथा सामाजिकशास्त्र संकायका कार्यक्रमका लागि कुनै पनि विषयमा दश जोड २ वा सो सरह उतिर्ण गरेको हुनुपर्ने छ ।

(ङ) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको जिल्ला र गाउँ विकास समितिमा जन्मी सार्वजनिक (सरकारी) विद्यालयमा अध्ययन गरी प्रवेशिका परीक्षा उत्तिर्ण गरेको हुनुपर्ने छ ।

(च) दलित आरक्षण सिटको लागि दलित जातिको हकमा उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिले दलितवर्गमा राखेका समुदायबाट र जनजातिका लागि आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा उल्लेखित जातीहरु हुनुपर्दछ ।

(छ) लेखनाथ छात्रवृत्ति विश्वविद्यालयका आंगिक कार्यक्रम बि.फर्मा., बि.एस्सी.एम.एल.टी., बि.पि.एच., बि.एस्सी. नर्सिङ्ग, बि.ई.सिभिल, बि.ई.ईलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, बिबिए, बिबिए-बिआई र बिडेभ्स कार्यक्रमको लागि लेखनाथ नगरपालिका क्षेत्र भित्रका नागरिकलाई मात्र दिइनेछ ।

(ज) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ ।

**४. उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

**४.१** सबै उम्मेदवारहरुले दरखास्त साथ देहायका प्रमाणित प्रतिलिपि कागजातहरु पेश गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एस.एल.सी वा सो सरहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) प्रमाणपत्र तह वा दश जोड दुई तहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

**५. माथि भनिएका कागजातहरुको अतिरिक्त देहायबमोजिमको सक्कलै सिफारिस पेश गर्नुपर्ने :**

५.१ उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नुपर्नेछः

(क) लेखनाथ छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरूले लेखनाथ नगरपालिकाको स्थायी बासिन्दा भएको लेखनाथ नगरपालिका कार्यालयबाट,

(ख) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धीत जिल्ला प्रशासन कार्यालयबाट,

(ग) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धीत जिल्ला प्रशासन कार्यालयबाट,

(घ) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धीत जिल्ला प्रशासन कार्यालयबाट,

(ङ.) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धीत गाउँ विकास समिति वा नगरपालिकाबाट,

(च) मधेशी समुदायको व्यक्तिले सम्बन्धीत जिल्ला प्रशासन कार्यालयबाट,

(छ) बेपत्ता पारिएका व्यक्ति वा शहिद परिवार तथा घाईते वा निजको सन्ततीले गृह मन्त्रालय वा सम्बन्धीत जिल्ला प्रशासन कार्यालयबाट ।

५.२ छात्रवृत्ति विपन्न वर्गमा लक्षित भएकोले सबै प्रकारको छात्रवृत्तिको लागि तोकिए अनुसार सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सक्कलै सिफारिस पत्र पेश गर्नुपर्ने छ । साथै एस.एल.सी. अध्ययन गरेको विद्यालय सार्वजनिक (सरकारी) हो भन्ने सक्कलै सिफारिस पत्र सम्बन्धीत गा.वि.स. वा नगरपालिका वा जिल्ला शिक्षा कार्यालयको पेश गर्नुपर्ने छ ।

**६. दरखास्त फाराम पाउने र बुझाउने स्थानः** पोखरा विश्वविद्यालय, केन्द्रिय कार्यालय, छात्रवृत्ति शाखा, लेखनाथ, कास्कीबाट र काठमाडौं सम्पर्क कार्यालय, रातोपुल, गौशाला, काठमाडौंबाट ।

नोट : दरखास्त फाराम www.pu.edu.np बाट पनि Download गरि भर्न सकिने छ ।

**७. दरखास्त दस्तुरः** छात्रवृत्ति कार्यक्रममा भागलिन सबै उम्मेदवारहरुले आवेदन शुल्क रु. १०००।-(अक्षेरुपी एक हजार मात्र) बुझाउनुपर्ने छ ।

**८. फाराम वितरण :** २०७२/०९/०६ गते देखि

**९. (अ) दरखास्त दिने अन्तिम मिति लेखनाथ, कास्कीमा :** २०७२/०९/१९ गते (कार्यालय समयभित्र)

**(आ) दरखास्त दिने अन्तिम मिति काठमाडौंमा :** २०७२/०९/१७ गते (कार्यालय समयभित्र)

**१०. प्रवेश पत्र वितरणः** २०७२/०९/२३ र २४ गते (कार्यालय समयभित्र)

**११.परीक्षा हुने मितिः** (अ) २०७२/०९/२५ गते बिहान ८:०० बजे विज्ञान तथा प्रविधि संकायको समूह "क" र स्वास्थ्य विज्ञान संकाय विषयको मात्र ।

(आ) २०७२/०९/२५ गते अपरान्ह १२:०० बजे व्यवस्थापन, मानविकि तथा सामाजिकशास्त्र संकाय र विज्ञान तथा प्रविधि संकायको समूह "ख" विषयको मात्र ।

**१२.परीक्षाको किसिमः** लिखित (वस्तुगत)

**१३.लिखित परीक्षाको समय :** तीन घण्टा ।

**१४.परीक्षा केन्द्रः** पोखरा विश्वविद्यालय प्राज्ञिक भवन कम्प्लेक्स, लेखनाथ, कास्की ।

**१५. लिखित परिक्षा लिईने विषयहरुः** विज्ञान तथा प्रविधि संकाय अन्तर्गत <u>समूह</u> **"क"** का लागि आवेदन दिनेहरुले (अ) फिजिक्स-४० अङ्क, (आ) केमेष्ट्रि-४० अङ्क, (इ) गणित-४० अङ्क,( ई) अंग्रेजी - ३० अङ्क , स्वास्थ्य विज्ञान संकायको लागि आवेदन दिनेहरुले (अ) वायोलोजि-४० अङ्क, (आ) केमेष्ट्रि-४० अङ्क, (इ) गणित-४० अङ्क,( ई) अंग्रेजी - ३० अङ्कको परीक्षा दिनुपर्नेछ ।

व्यवस्थापन संकाय, मानविकि तथा सामाजिकशास्त्र संकाय र विज्ञान तथा प्रविधि संकाय अन्तर्गत <u>समूह</u> **"ख"** का लागि आवेदन दिनेहरुले (अ) अंग्रेजी - ४० अङ्क (आ) क्वान्टीटेटिभ् एविलिटी- ४० अङ्क (इ) लजिकल रिजनिङ्ग -४० अङ्क र (ई) जनरल अवेरनेस -३० अङ्कको परीक्षा दिनु पर्नेछ ।

(**प्रश्नपत्रहरु दश जोड २ वा सो सरहको पाठ्यक्रममा आधारित हुनेछन**) ।

**<u>पुनश्च- माथि दरखास्त फाराम सहित माग भए बमोजिमका सक्कल तथा प्रमाणित कागजातहरु पेश नगरिएको तथा पछि पेश गर्ने शर्त राखी पेश गरिएको दरखास्त फाराम दर्ताको लागि अस्विकृत हुनेछ ।</u>**

**<u>सम्पर्कको लागि</u>**

पोखरा विश्वविद्यालय, केन्दीय कार्यालय, छात्रवृत्ति शाखा, लेखनाथ, ढुङ्गेपाटन, कास्की ।

फोनः ०६१-५६१०४६, ५६०६३९ र ०१- ४४८६९०५

**छात्रवृत्ति छनोट समिति, २०७२**
**पोखरा विश्वविद्यालय**
**लेखनाथ, कास्की ।**